संघीय संसद
प्रतिनिधि सभा, २०७९
चौथो अधिवेशन
बैठक संख्या - २८
सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८१ साल असार १४ गते शुक्रबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख देवराज घिमिरेको अध्यक्षतामा बिहान ११:२० बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा आकस्मिक समय लिएर निम्नलिखित माननीय सदस्यहरुले सप्तरी जिल्लामा बाढीबाट जनधन र कृषिवालीको क्षति भएको, एस.ई.ई परीक्षाको नतिजा हेर्दा गणित, विज्ञान र अंग्रेजी विषयका शिक्षकलाई संवेदनशिल बनाउन सरकारले विशेष व्यवस्था गर्नुपर्ने, कर्णाली राजमार्गको विभिन्न स्थानमा बाढी पहिरोले क्षति पुऱ्याउँदा हजारौं यात्रु अलपत्र परेकाले अवरुद्ध सडक खुलाउन सरकारले तत्काल पहल गर्नुपर्ने, गौरवशाली इतिहास बोकेको नेपाली सेनाको नेतृत्वको दावीमा रहेका व्यक्तिको नागरिकताको विवाद सम्बन्धमा आइरहेको समाचारको सम्बन्धमा रक्षा मन्त्रालयले स्पष्ट गर्नुपर्ने लगायतका विषयमा आ-आफ्नो भनाई राख्नुभयो ।

१. मा० तेजुलाल चौधरी
२. मा० ज्ञानबहादुर शाही
३. मा० प्रभु साह

त्यसपछि माननीय बासुदेव घिमिरेले नियमापत्ति गर्नुहुँदै बैठकमा आकस्मिक समय लिएर बोल्नुहुने पूर्व वक्ता माननीय सदस्यहरुले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १५ को व्यवस्था भन्दा फरक भएको भन्नु भएपछि सम्माननीय सभामुखले सो सम्बन्धमा ध्यानाकर्षण भएको जानकारी गराउनु भयो ।

तदुपरान्त भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरुले समसामयिक विषयमा आ-आफ्नो भनाइ राख्नुभयो:-

१. मा० अच्युत प्रसाद मैनाली
२. मा० अजय कुमार चौरसिया
३. मा० अनिशा नेपाली
४. मा० अब्दुल खांन
५. मा० अमनलाल मोदी
६. मा० अम्मरबहादुर थापा
७. मा० अम्मरबहादुर रायमाझी
८. मा० अर्जुन नरसिंह के.सी.
९. मा० अस्मा कुमारी चौधरी
१०. मा० असिम शाह
११. मा० ईश्वर बहादुर रिजाल
१२. मा० ईश्वरी घर्ती
१३. मा० ईश्वरी देवी न्यौपाने
१४. मा० उदय शम्शेर ज.ब.रा.
१५. मा० उमरावती देवी
१६. मा० उर्मिला माझी
१७. मा० एकनाथ ढकाल
१८. मा० ऐनबहादुर शाही ठकुरी
१९. मा० कुसुमदेवी थापा
२०. मा० गोमा लाभ (सापकोटा)
२१. मा० गंगाराम चौधरी
२२. मा० डा० चन्दा कार्की (भण्डारी)
२३. मा० डा० चन्द्रकान्त भण्डारी
२४. मा० चित्रबहादुर के.सी.
२५. मा० छिरिङ डम्डुल लामा (भोटे)
२६. मा० जावेदा खातुन जागा
२७. मा० जीवन परियार
२८. मा० जुली कुमारी महतो (महासेठ)
२९. मा० टेकबहादुर गुरुङ

तत्पश्चात भएको विशेष समयमा निम्नलिखित माननीय सदस्यहरुले समसामयिक विषयमा आ-आफ्नो भनाइ राख्नुभयो:-

१. मा० मोहनबहादुर बस्नेत
२. मा० पृथ्वी सुब्बा गुरुङ
३. मा० लेखनाथ दाहाल
४. मा० मनिष झा
५. मा० रोशन कार्की
६. मा० रन्जु कुमारी झा
७. मा० रेखा यादव
८. मा० महन्थ ठाकुर
९. मा० प्रेम सुवाल
१०. मा० प्रदिप पौडेल

११. मा० नैनकला थापा

१२. मा० पूर्णबहादुर तामाङ

यसैबीच माननीय सम्झना थपलियाले नियमापत्ति गर्नुहुँदै माननीय मोहन बहादुर बस्नेतले "ओठ निचरे दुध आउने माननीयज्यूहरु" भनी प्रयोग गर्नुभएको शब्दहरु असंसदीय भएकोले अभिलेखबाट हटाउन माग गर्नुभएपछि सम्माननीय सभामुखले सो सम्बन्धमा के भएको हो अभिलेख हेरी निर्णय लिइने जानकारी गराउनु भयो ।

त्यसपछि माननीय ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रीको तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले "जलस्रोत विधेयक, २०८१" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त उक्त विधेयकलाई अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १०५ बमोजिम कुनैपनि माननीय सदस्यको विरोधको सूचना प्राप्त नभएकोले माननीय ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रीको तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले "जलस्रोत विधेयक, २०८१" प्रस्तुत गर्नुभयो ।

तदनन्तर अर्को बैठक २०८१ साल असार १६ गते आइतबार दिनको ३:०० बजे बस्नेगरी बैठक दिनको १:२० बजे स्थगित भयो ।

पद्म प्रसाद पाण्डेय
महासचिव